# शिक्षण शुल्क नीति सम्बन्धी सम्झौता

**तल उल्लेख गरिएका सम्झौता तथा नीति ध्यान पूर्वक पढ्नुहोस् । भर्ना प्रकृया पुरा गर्नको लागि शिक्षण शुल्क सम्बन्धी हाम्रो नीतिमा तपाईंको सहमति हुनु आवश्यक छ ।** तपाईंले बिल बनाउने प्रयोजनको लागि दर्ता फारम भर्दैमा वा / र आवेदन शुल्क बुझाउने कार्य गर्दैमा कुनै शैक्षिक कार्यक्रम वा खास विद्यालयमा भर्ना गर्नको लागि सहमत भएको मानिंदैन। मासिक शिक्षण शुल्कमा आवेदन शुल्क लागु हुनेछैन।

सामुदायिक मन्टेश्वरी छात्रवृत्ति, विद्यालय भर्ना हुनु अघि (प्रि-स्कुल)को वा सुधारको लागि प्रदान गरिने शिक्षण सुविधा वा विशेष शिक्षा पश्चात प्रि-स्कुलमा प्रवेशको लागि आवेदन गर्न चाहने परिवारहरूले बिल तयार पार्ने सम्बन्धी यो दर्ता फारम भर्नु पर्दैन। (यद्यपि,विशेष शिक्षा पश्चात प्रि-स्कुलमा प्रवेश गरेका र सुधारको लागि शिक्षण सुविधा थप गर्न चाहने परिवारहरूले भने यो फारम भरेर सुधार कक्षाको लागि थप शुल्क बुझाउनुहोस् ।

*विभिएसडि अर्ली चाइल्डहुड एजुकेशन प्रि-स्कुलको कुनै पनि कार्यक्रममा आवेदन पेश गर्नको लागि तपाईंले प्रि-स्कुल अनलाइन दर्ताफारम भर्नुपर्छ,यदि यसअघि भरिसक्नु भएको छैन भने यो फारम भर्नको लागि यदि तपाईंलाई कुनै सहयोगको आवश्यकता परेमा अर्ली चाइल्डहुड एजुकेशन डिपार्टमेन्टलाई 720-561-5075 मा सम्पर्क गर्नुहोस् ।

**आवेदन शुल्क**

विभिएसडि अर्ली चाइल्डहुड एजुकेशन प्रि-स्कुल र सुधार कार्यक्रममा शिक्षणको लागि आवेदन पेश गर्ने सम्पूर्ण आवेदकहरूले प्रति कार्यक्रम ७५ डलर बुझाउनुपर्नेछ।

चाइल्ड केयर असिसटेन्स प्रोग्राम (सिसिएपी) को लागि योग्य परिवारहरूले आवेदन शुल्कबुझाउनु पर्दैन।

यदि आवेदन पेश गरेको ६ महिनासम्म पनि कुनै परिवारले सिट प्राप्त नगरेमा आफुले बुझाएको आवेदन शुल्कpreschool@bvsd.org.मा इमेल पठाई फिर्ता माग्न सकिनेछ। बुझाएको आवेदन शुल्क मध्ये प्रशासनिक खर्च २५ डलर कटाएर बाँकी रकम फिर्ता गरिनेछ । विभिएसड प्रि-स्कुलको कार्यक्रममा भर्नाको लागि सिट उपलब्ध गराइएका तर स्वीकार नगर्ने आवेदक परिवारले बुझाएको आवेदन शुल्क फिर्ता गरिनेछैन।

*यदि तपाईंले प्रि-स्कुलको लागि चिट्ठा खुलेको समयमा आगामी शैक्षिक सत्रको लागि आवेदन पेश गर्दै हुनुहुन्छ भने प्रि -स्कुलको लागि खोलिएको चिट्ठाको समय समाप्त नहुँदै आवेदन पेश गर्नुपर्ने हुन्छ। चिट्ठाको समय सकिएपछि तपाईंलाई सिट उपलब्ध गराइनेछ वा प्रतीक्षा सूचीमा राखिनेछ । चिट्ठाको समय पश्चात तपाईंले आवेदन पेश गर्नु भयो भने सिट उपलब्ध रहेको प्रि-स्कुलमा सिट प्रदान गरिनेछ।

BOULDER VALLEY SCHOOL DISTRICT
Early Childhood Education

**शिक्षण शुल्क र बिल तयार गर्ने समय तालिका**

हाम्रा कुनै एउटा वा दुवै कार्यक्रमको वार्षिक शुल्कले पुरै शैक्षिक सत्रलाई पर्याप्त हुन्छ (मध्य-अगस्ट देखि मे महिना सम्मको लागि) र अभिभावकको सुविधाको लागि उक्त शुल्कलाई ९ महिनासम्म मासिक किस्ताको रूपमा बुझाउन सकिन्छ। मासिक भुक्तानीको बिल अग्रिम रुपमा तयार गरिन्छ।

प्रि-स्कुल शिक्षण शुल्कको बिल महिनाको पहिलो दिन पठाइनेछ र पाँच गते भित्र बुझाउनु पर्नेछ (उदाहरणको लागि सेप्टेम्बरको शिक्षण शुल्कको बिल सेप्टेम्बर १ मा पठाइनेछ, सो शुल्क सेप्टेम्बर ५ भित्रमा बुझाउनु पर्नेछ। अटो पे सुविधामा जोडिएका परिवारले हरेक महिनाको ५ गते शिक्षण शुल्क भुक्तानी लिइएको जानकारी देख्नुहुनेछ । १० गतेसम्म  पनि शिक्षण शुल्क नबुझाएमा ढिलो भएको मानिनेछ रभोलिपल्ट देखि २५ डलर बिलम्ब शुल्क लाग्नेछ ।
Segments 24  and 25 merged for sense.

चाइल्ड केयर असिसटेन्स कार्यक्रमको लागि योग्य परिवारहरूको शिक्षण शुल्कको हकमा सिसिएपीले निर्धारण गरेको अभिभावक जिम्मेवार रहने शुल्कमा आधारित रहनेछ ।

**कृपया सचेत रहनुहोला, कुनै पनि शिक्षण कार्यक्रमको शुल्क नबुझाएमा उक्त कार्यक्रमबाट तपाईंको परिवारका विद्यार्थीलाई फिर्ता बोलाइनेछ । यदि तपाईंलाई कुनै आर्थिक समस्या परेको छ भने विकल्पहरूको बारेमा बुझ्नको  लागि लिजा कोलिन्सलाई 720-561-5692 मा यथासिघ्र सम्पर्क गर्नुहोला।**

| कार्यक्रम | वार्षिक शिक्षण शुल्क | मासिक शिक्षण शुल्क<br>९ महिना सम्म मासिक रुपमा बुझाउने |
|---|---|---|
| आधा दिनको लागि प्रि-स्कुल शिक्षण १५ घण्टा | वार्षिक ६,३८१ डलर | एक पटक बुझाउँदा ७०९ डलर |
| ३० घण्टाको लागि प्रि-स्कुल शिक्षण (अलिसिया सान्चेज) | वार्षिक १२,७६२ डलर | एक पटक बुझाउँदा १४१८ डलर |
| प्रि-स्कुल र प्रि-स्कुल सुधार शिक्षण | वार्षिक ७,०६५ डलर | एक पटक बुझाउँदा ७८५ डलर |
| प्रि-स्कुल र प्रि-स्कुल सुधार शिक्षण | वार्षिक १३,४४६ डलर | एक पटक बुझाउँदा १४९४ डलर |

| | | |
|---|---|---|
| सामुदायिक मन्टेश्वरी आधा दिन | वार्षिक ७,८३० डलर | एक पटक बुझाउँदा ८७० डलर |
| सामुदायिक मन्टेश्वरी पुरा दिन | वार्षिक १५,३४५ डलर | एक पटक बुझाउँदा १७०५ डलर |
| ढिला भर्ना भएका विद्यार्थीको हकमा चालु महिना र आगामी महिनाको शुल्क २ हप्ता भित्र बुझाउने गरि बिल (चालु महिनाको शुल्कउपस्थित भएका दिनको आधारमा)  पठाइनेछ। | | |

**प्रत्येक शिक्षण कार्यक्रममा भर्ना हुनको लागि आवेदन शुल्क ७५ डलर रहेको छ ।**

**छुट उपलब्ध रहेको छ**

- एउटै परिवारका बाल बच्चाको लागि छुट:  पूर्ण शुल्क बुझाउने पहिलो विद्यार्थीकै परिवारको दोस्रो विद्यार्थीलाई मासिक शिक्षण शुल्कमा १५ प्रतिशत छुट ।
- कर्मचारीको लागि छुट: डिस्ट्रिक्टबाट सुविधा पाउन योग्य कर्मचारीको परिवारका प्रत्येक विद्यार्थीलाई मासिक शिक्षण शुल्कमा १५ प्रतिशत छुट।
- *एक जना विद्यार्थीलाइ एक प्रकारको छुट मात्रै प्रदान गरिनेछ र कुनै पनि बच्चाको लागि अधिकतम छुट भनेको १५ प्रतिशत हो ।*

यदि शिक्षण शुल्कमा छुट प्राप्त गर्न चाहनुहुन्छ भने 720-561-5692 मा सम्पर्क गरि थप जानकारी लिनुहोला ।

**कार्यक्रमको लागि वा आर्थिक सहायताको लागि आवश्यक योग्यता परिवर्तन हुन्छ**

यदि प्रि-स्कुल शिक्षणसंग सम्बन्धित तपाईंको बच्चाको योग्यतामा परिवर्तन भयो भने (उदाहरणको लागि, १ . यदि तपाईंले एक महिनाको शिक्षण शुल्क बुझाईसक्नु भएको  छ र तपाईंको बच्चा महिनाको बिचमै आइइपीको  लागि योग्य ठहरिए र विशेष शिक्षण प्राप्त गर्न थाले भने , २ .  वा, तपाईंको बच्चा आइइपीमा थिए र अहिले विशेष शिक्षणमा छैनन् भने, वा तपाईं अब कोलोराडो चाइल्ड केयर असिसटेन्स कार्यक्रम (सिसिएपी) को लागि योग्य   रहनुभएन भने, अर्ली चाइल्डहुड एजुकेशन (इसीई) कार्यालयले दैनिक दरको आधारमा हिसाब मिलान गर्नेछ ।  तपाईंले प्रि-स्कुलको शुल्क बुझाउँदा शिक्षण कार्यक्रमको योग्यता परिवर्तन हुनुअघिको वा भएपछिको आधारमा बुझाउनुहुनेछ । यदि तपाईंले महिनाको पहिलो दिन भन्दा पछि भर्ना गराउनुभएको छ भने, इसीइ कार्यालयले सोहि दिन देखि लागु भएको शिक्षण शुल्क बिल प्राप्त भएको २ हप्ता भित्रमा बुझाउनुपर्नेछ ।

**शुल्क फिर्ता तथा कार्यक्रम परिवर्तन सम्बन्धी नीति**

अनुपस्थित रहेको वा/र विदा मनाउन गएको अवधिको शुल्क फिर्ता वा अनुपस्थित रहेको दिन गनेर फिर्ता गरिनेछैन । कुनै पनि कारणले अनुपस्थित भएमा, वा बिरामी भएमा वा घुमघाममा गएको भएता पनि नियमित शिक्षण तथा अन्य शुल्क

BOULDER VALLEY SCHOOL DISTRICT
Early Childhood Education

लाग्नेछ। बच्चाहरुको अनुपस्थितिमा समेत कर्मचारी तथा अन्य कार्यक्रमको लागत उही नै हुने हुनाले यो नीति लागु गरिएको हो ।

बिदा, मौसमजन्य कारण (जस्तै, हिउँ परेको दिन), कोभिड वा अन्य स्वास्थ्य जन्य कारणले बसिने क्वारेन्टाइन आदि जे - जस्तो कारणले डिस्ट्रिकट वा विद्यालय बन्द भएता पनि शुल्क फिर्ता हुनेछैन ।

यदि तपाईंले प्रि-स्कुल कार्यक्रमबाट नाम फिर्ता लिन चाहनुहुन्छ भने preschool@bvsd.org मा इमेल मार्फत कम्तीमा ४ हप्ता अगाडि जानकारी गराउनु पर्नेछ । नाम फिर्ता लिएता पनि आवेदन शुल्क फिर्ता हुनेछैन । साथै, यदि तपाईंले ४ हप्ता अगावै जानकारी गराउनु भएन भने, त्यस पछिको ४ हप्ताको प्रि-स्कुल शिक्षण सेवाको शुल्क बुझाउनु पर्नेछ । यदि तपाईंले आफ्नो बच्चालाई हटाउनुभयो भने पनि पछि पुन: भर्ना गर्न चाहेको खण्डमा सिट उपलब्ध रहेमा भर्ना गर्न सक्नुहुनेछ, तर त्यसको कुनै ग्यारेन्टी भनेहुँदैन । बिना जानकारी तथा मनासिव कारण बिना लगातार १० दिन सम्म अनुपस्थित रहेमा आर्थिक सहायता प्राप्त कुनै पनि कार्यक्रमको लागि योग्य रहने छैनन ।

कुनै कार्यक्रमबाट फिर्ता हुने वा अन्य कार्यक्रममा परिवर्तन गर्ने सम्बन्धमा ४ हप्ता अगावै जानकारी प्राप्त भएमा उपस्थित भएको अन्तिम दिनको आधारमा हिसाब मिलान गरि बाँकी रकम फिर्ता गरिनेछ । एक पटक बुझाइसकेको शिक्षण शुल्क फिर्ता हुनेछैन ।

*कार्यक्रम सम्बन्धि नीति तथा प्रक्रियाहरू परिवर्तनशील छन् र कुनै परिवर्तन भएको खण्डमा अभिभावकहरूलाई जानकारी गराइनेछ।*